प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०८/२२

(बेलुका ५:०० बजे)

### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.८२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २४१९९५(१००%) | १३२६६६(१००%) |
| निको भएको | २२७४३३(९४%) | १२४३९७(९३.७६%) |
| उपचाररत | १२९४८(५.३५%) | ७४४८(५.६१%) |
| मृत्यु भएको | १६१४(०.६६%) | ८२१(०.६१%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०८/२२

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०८/२२

❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ७१ | ४२ | ११३ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | २७ | ३ | ३० |

❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | ७ | ४ पुरुष र ३ महिला |
| भक्तपुर | १ | १ पुरुष |
| ललितपुर | २ | २ पुरुष |
| जम्मा — १० | | |

❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- काठमाडौंकी ६९ बर्षिया महिला कोभिड निमुनिया र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २० गते निधन भएको छ । उहाँको मंशिर १९ गते कोभिड-१९ पुष्टि भएको थियो। काठमाडौंका ८५ बर्षिय पुरुष कोभिड र निमुनिया कारणले मंशिर १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २२ गते निधन भएको छ । उहाँको मंशिर १९ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई चिनी र उच्चा रक्त चाप रोगको समेत समस्या थियो ।

- काठमाडौंका ६७ बर्षिय पुरुष कोभिड र निमुनियाका कारणले मंशिर १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २२ गते निधन भएको छ । उहाँको मंशिर १६ गते कोभिड-१९ पुष्टि भएको थियो। काठमाडौंका ८७ बर्षिय पुरुष कोभिडका, निमुनिया र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २२ गते निधन भएको छ । उहाँको मंशिर १४ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई उच्चा रक्त चाप , दम , मृगौला र चिनी रोगको समेत समस्या थियो।

- काठमाडौंकी ५४ बर्षिय पुरुष कोभिड र मुटु सम्बन्धि रोगका कारणले भाद्र ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज ६ गते निधन भएको छ । उहाँको भाद्र ३० गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई ब्रेन सम्बन्धि रोगको समेत समस्या थियो। काठमाडौंकी ९४ बर्षिया महिला कोभिड र मुटु सम्बन्धि समस्याका कारणले अशोज १६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज २४ गते निधन भएको छ । उहाँको अशोज ५ गते कोभिड-१९ पुष्टि भएको थियो।

- काठमाडौंकी ८५ बर्षिया महिला कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले अशोज २१ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज ३० गते निधन भएको छ । उहाँको अशोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई उच्चा रक्त चाप रोगको समेत समस्या थियो।

- भक्तपुरका ७२ बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले भाद्र २० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा भाद्र २९ गते निधन भएको छ । उहाँको भाद्र १९ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई मृगौला रोगको समेत समस्या थियो।

- ललितपुरका ७० बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले अशोज ०९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा अशोज २६ गते निधन भएको छ । उहाँको अशोज ९ गते कोभिड-१९ पुष्टि भएको थियो।

- ललितपुरका ५६ बर्षिय पुरुष कोभिड निमुनिया र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर २० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २१ गते निधन भएको छ । उहाँको मंशिर २१ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई मृगौला, चिनी र उच्चा रक्त चाप रोगको समेत समस्या थियो ।

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२६ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७४९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २६२१ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ४४२४ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा २४७७३५ जनाको पिसिआर परिक्षण गरिएको छ ।
- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १३४३४३ | ९०७६७ | ३४४ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | ११२३४ | १३९५३ | ६७ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | ११५२५ | ८२०४ | ३१ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | १६२० | १६४ | | |
| नुवाकोट | ५४९ | ० | ० | ४५ | ७ | ७८८७ | १२९५ | ४ | |
| धादिङ | ३१५ | ० | १८ | १६० | २ | ६०२७ | १५५६ | ८ | |
| चितवन | २४६५ | ० | ० | ३५५ | ५२ | ३४८६१ | ६८५४ | ३६ | |
| सिन्धुली | ३१३ | ० | ० | ५२ | २ | ४१०३ | ५३७ | १ | |
| मकवानपुर | २० | ० | ० | २९० | ४ | १७४८३ | ४११४ | ९ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | १४७९ | ५०३ | १ | |
| दोलखा | १९३ | ० | ० | ४४ | २९ | ३१०९ | ६४७ | ३ | |
| काभ्रेपलान्चोक | ५९७ | ११ | १९ | २४३ | ४८ | ७५४१ | ३१६६ | १५ | |
| सिन्धुपाल्चोक | ७५४ | ० | १०१ | १३१ | १० | ६५२३ | ९०६ | ५ | |
| जम्मा | ७४७७ | २२६ | ६९९ | ४७४९ | २६२१ | २४७७३५ | १३२६६६ | ५२४ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख,*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको

❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब सं - ख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३३५३ | ४३ | ४३ | मकवानपुर- ६ | ३७ | |
| VBDRTC, काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १५८८७ | १३४ | १३५ | धादिंग - ११<br>दोलखा - ८<br>काभ्रेपलान्चोक - ३<br>सिन्धुपाल्चोक - ६<br>काठमाडौं - १<br>फोलो-अप - ३ | १११ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई